नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

DATE: ..........................

आज मिति २०७७ साल चैत्र ३१ गते मंगलवारका दिन यस रुकुम (पश्चिम) जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री बद्रीनाथ गैह्रे ज्यूको अध्यक्षता मा बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCMC) को बैठकमा तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

आमन्त्रित उपस्थिति :

श्री देविलाल गौतम नगर प्रमुख मुसिकोट नगरपालिका

उपस्थिति :-

| | | |
|---|---|---|
| श्री बद्रीनाथ गैह्रे | प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| श्री गोविन्द मुडेल | प्र.से. / गणपती | सदस्य |
| श्री ध्रुव कुमार श्रेष्ठ | प्र.ना.उ. | सदस्य |
| श्री प्रेम सिं थापा | व.प्र.ना.उ. | सदस्य |
| श्री पवन जोशी | प्र.अ.अ. | सदस्य |
| श्री कमल प्रसाद दहाल | नि.जि.स.अ. | सदस्य |
| श्री विष्णु बहादुर बुढाथोकी | नि.स्वा.से.प्र. | सदस्य |

अन्य उपस्थिति :

श्री टेक बहादुर वली — सदस्य — जिल्ला समन्वय समिति
श्री वासुदेव खापकोटा — Hesto — SSBH
श्री प्रमेश शिवा, कारागार कार्यालय रुकुम
श्री दिपेन्द्र बहादुर बुढा — सह सेनानी — नरसिंह दलगण रुकुम
श्री ईश्वर रावल
डा. विक्रम मानन्धर — स्वास्थ्य सेवा कार्यालय, रुकुम (पश्चिम)
श्री सुरज सुतार — स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम
श्री विरेन्द्र खड्का — " —

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

मिति २०७७ चैत्र ३१ गतेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र(DCCMC) को बैठकका

निर्णयहरुः

१. छिमेकी मुलुक भारतमा कोभिड- १९ को संक्रमण तीव्र रुपमा बढ्दै गइरहेको तथा नेपालमा समेत संक्रमित तथा मृत्यु हुनेको संख्या बृद्धि भइरहेको सन्दर्भमा यस जिल्लामा कोभिड- १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि थप सतर्क र सावधानी अपनाउनुपर्ने आवश्यकता महशुस गरियो ।

२. स्थानीय तहहरुमा रहेका CICT हरुलाई परिचालन गरी भारत लगायत अन्य मुलुक तथा मुलुक भित्रकै कोभिड-१९ को संक्रमण भएका क्षेत्रबाट यस जिल्लामा आउने व्यक्तिहरुको पहिचान गरी अभिलेख राख्ने, निजहरु क्वारेन्टीनमा बसे/नबसेको एकीन गरी आवश्यकतानुसार क्वारेन्टीन/होम क्वारेन्टीनमा राख्ने व्यवस्था गर्ने, परीक्षण गर्नुपर्ने अवस्थाको पहिचान गर्ने जस्ता कार्यका लागि आवश्यक व्यवस्था मिलाउन जिल्लास्थित स्थानीय तहहरुलाई अनुरोध गर्ने।

३. जिल्ला प्रवेश गर्ने नाकाहरुमा हेल्थडेस्कको व्यवस्थापन गर्न सम्बन्धित स्थानीय तहहरुलाई अनुरोध गर्ने तथा उक्त हेल्थडेस्कमा आवश्यक पर्ने स्वास्थ्यकर्मीहरु सम्बन्धित स्थानीय तहसँगको समन्वयमा स्वास्थ्य सेवा कार्यालयले खटाउने।

४. जिल्लाका पालिकास्तरीय अस्पतालहरुमा बेड संख्याको अनुपातमा कम्तिमा ५ बेड कोभिड-१९ को प्रयोजनार्थ आइशोलेसनको रुपमा व्यवस्थापन गर्न जिल्लास्थित स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

५. कोभिड-१९ संक्रमणको सम्भावनालाई मध्यनजर गरी पहिले सञ्चालनमा आएका क्वारेन्टीनहरुलाई तयारी अवस्थामा राख्न जिल्लास्थित सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

६. चौरजहारीमा सञ्चालित आर.टी.पि.सी.आर.प्रयोगशालामा आवश्यक जनशक्तिको व्यवस्थापन गरी परीक्षणलाई पुनः सञ्चालनमा ल्याउने व्यवस्था मिलाउन कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयमा अनुरोध गरी पठाउने ।

७. समुदायस्तरमा कोभिड-१९ को एन्टिजेन परीक्षण प्रकृयासम्बन्धी प्रोटोकल बमोजिम पहिलो चरणमा जिल्ला अस्पतालमा आउने शंकास्पद बिरामीहरुलाई परीक्षण गर्ने र त्यस पश्चात क्रमशः जोखिमयुक्त क्षेत्र तथा समुदायको पहिचान गरी परीक्षणको व्यवस्था मिलाउने ।

८. सरकारी तथा गैरसरकारी कार्यालय, विद्यालय तथा क्याम्पस, अस्पताल तथा स्वास्थ्य संस्था एवं सम्पूर्ण सार्वजनिक स्थलहरुमा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने, सामाजिक दुरीको पालना गर्ने/गराउने तथा यससम्बन्धी सन्देशहरु नियमित रुपमा प्रशारण गर्ने।

९. जिल्लास्थित सम्पूर्ण (सरकारी तथा निजी) अस्पतालहरुमा फिभर क्लिनिक सञ्चालन गर्न स्वास्थ्य सेवा कार्यालयमार्फत निर्देशन दिने ।

१०. अत्यावश्यक बाहेक मानिसहरुको जमघट तथा भीडभाड हुने खालका कार्यक्रम सञ्चालन गर्न नदिने। यस्ता कार्यक्रमहरु सञ्चालन गर्नुपरेको खण्डमा स्थानीय प्रशासनबाट पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था लागु गर्ने ।

११. कोभिड-१९ सम्बन्धी Reporting मा एकरुपता कायम गर्न स्थानीय तहहरुबाट स्वास्थ्य संयोजकमार्फत स्वास्थ्य सेवा कार्यालयमा Reporting गर्ने र स्वास्थ्य सेवा कार्यालयले एकीकृत Report तयार गरी सम्बन्धित निकायमा पठाउने तथा सार्वजनिकीकरण गर्ने ।